# तोचिगी अन्तर्राष्ट्रिय रणनीति
## ～सेखाइकारा एराबारेरु तोचिगी (विश्वबाट रोजाइमा पर्ने तोचिगी～
## 【 सारांश संस्करण 】

### परिचय

१ कार्ययोजनाको पृष्ठभूमि र प्रगति

यस प्रान्तको वरपरको वातावरण धेरै परिवर्तन भइरहेको अवस्थामा भविष्यमा पनि यस क्षेत्रको विकासलाई जारी राख्न नयाँ चुनौतिहरु लिनु आवश्यक भएकाले यस प्रान्तसँग सम्बन्धित व्यक्तिहरुले एउटा साझा दृष्टिकोण बनाएर सक्रियता पूर्वक चुनौतिको सामना गर्नको लागि “तोचिगी अन्तर्राष्ट्रिय रणनीति” बनाउने निर्णय गरेका छौँ ।

२ रणनीतिहरुको स्थान निर्धारण

तोचिगी प्रान्तको महत्वपूर्ण रणनीति “तोचिगी भविष्य निर्माण योजना” मार्फत तोचिगीको भविष्यको चित्रलाई साकार पार्न, यस प्रान्तको अन्तर्राष्ट्रियकरणलाई बढावा दिने सोचाइ र पहलको दिशा आदि निर्देशित गर्दछ ।

३ प्रचारित गर्ने अवधि

रेइवा ३ (२०२१) वर्ष बाट रेइवा ७ (२०२५) वर्ष सम्मको ५ वर्षको अवधि रहनेछ ।

### अध्याय १ तोचिगी प्रान्त वरपरको वातावरण

१ जनसंख्या गतिशीलता　२ विश्वव्यापी जोखिम　३ प्रविधि नवीकरण

### अध्याय २ तोचिगी प्रान्त अन्तर्राष्ट्रियकरणको लक्ष्य

१ उद्देश्य (लक्ष्य आकार)

**सेखाइकारा एराबारेरु तोचिगी (विश्वबाट रोजाइमा पर्ने तोचिगी)**

● यस प्रान्तको प्रविधि र वस्तुहरुलाई विश्वले मान्यता दिएको, र त्यसले गर्दा प्रान्त भित्रका उद्योगको विकास तथा क्षेत्रीय सक्रियता तर्फ अग्रसर भइ, अनुकूल चक्र बनाइरहेको - तोचिगी

● विदेशीहरुले सुरक्षितसाथ, ढुक्कपूर्वक जीवनयापन गरी, काग गर्ने वातावरण बनाई, जापानी र विदेशीहरुले एक-अर्काको सांस्कृतिक भिन्नतालाई मनन गर्दैसमानुपातिक सम्बन्ध बनाउँदै मिलेर बसेको - तोचिगी

● प्रान्तका नागरिकहरु, व्यवसायिहरु, सम्बन्धित संगठनहरु, सरकारी कार्यालाय आदि प्रत्येक इकाईले यस प्रान्तको अन्तर्राष्ट्रियकरणको लागि समन्वय गरी भविष्य बोक्ने व्यक्तिहरु हुर्काउने - तोचिगी

२ आधारभँत रणनीति

—हाम्रो लक्ष्य (लक्ष्य आंकडा) प्राप्त गर्नको लागि ३ दृष्टिकोण सहितको रणनीतिहरुको विकास गर्नेछौं ।

**सबल पक्षहरुलाई बाहिर ल्याउने**

○विश्वमा गौरव गर्न लायक तोचिगीको सबल पक्षहरुलाई उठाउने

**सँगै काम गर्ने**

○प्रान्तका विभिन्न क्षेत्रका सरोकारवाला व्यक्तिहरु मिलेर, सबै ताचिगी एक हौं भन्ने भावना सहित अन्य स्थानिय सरकार, साझेदार देशहरु तथा क्षेत्रहरुसँग पनि समन्वय गर्नेछौं ।

**सामना गर्न**

○प्रान्तका प्रेरित नागरिक तथा व्यवसायिहरु सँगसँगै अन्तराष्ट्रिय प्रतिस्पर्धाको सामना गर्दछौं ।

३ आधारभूत रणनीतिहरु, रणनीतिको लक्ष्य र क्षेत्रलाई स्पष्ट पार्ने ४ स्तम्भहरु

**विश्वव्यापी विस्तारको प्रबर्धन**

- प्रान्तका कम्पनीहरुको विदेश विस्तारलाई सहयोग गर्दै, प्रान्तका उत्पादनहरु र प्रान्तका कृषि उत्पादनहरुको उत्पादन प्रणाली एवं ब्रान्ड क्षमतालाई सशक्त पार्दै निर्यातलाई प्रबर्धन गर्नेछौं ।
- प्रान्तका कम्पनीहरु आदिको विश्वव्यापी मानव संसाधनहरु सुरक्षित गर्ने प्रयासलाई प्रबर्धन गर्नेछौं ।

**विदेशी पर्यटकहरुको आकर्षणमा जोड दिने**

- विभिन्न संञ्चार माध्यमको पूर्ण उपयोग गरी प्रान्तको पर्यटन स्रोतको आकर्षणलाई प्रभावकारी रुपमा अभिव्यक्त गर्दै, विदेशी पर्यटकहरुले आरामका साथ पर्यटन स्थलहरुको आनन्द लिन सक्ने गरी विदेशी पर्यटकहरु भित्रिने प्रणालीलाई सुदृढ गर्दै, विदेशी पर्यटकहरुको आकर्षणलाई प्रबर्धन गर्नेछौं ।

**अन्तर्राष्ट्रिय समन्वय र सहयोगको प्रबर्धन**

- स्थानिय अर्थव्यवस्था वा मानव संसाधन विकासमा टेवा पुऱ्याउने अन्तर्राष्ट्रिय समन्वय वा अन्तर्राष्ट्रिय सहयोगमा कार्य गर्दै, प्रान्तका नागरिकहरुमा एक समृद्ध अन्तर्राष्ट्रिय भावना प्रबर्धन गरी, राष्ट्र र राष्ट्र अनि जनता र जनता बीचको विश्वासलाई निर्माण गर्न अन्तर्राष्ट्रिय समन्वय र सहयोगलाई प्रबर्धन गर्नेछौं ।

**बहुसाँस्कृतिक सह-अस्तित्वको प्रबर्धन**

- विदेशीहरुको बस्ने र काम गर्ने वातावरणको सुधार गर्दै स्थानिय समुदायमा विदेशीहरुको सहभागितालाई प्रवर्धन गरी, सबै विदेशीहरुले सहजतापूर्वक काम गर्न र आरामसँग जीवनयापन गर्न सक्ने तथा जापानी नागरिहरुको लागि पनि आकर्षण हुने बहुसाँस्कृतिक सह-अस्तित्वको प्रवर्धन गर्नेछौं ।

४ प्राथमिक क्षेत्र

**प्रान्तका सबल पक्षहरु देखाउने उपायहरु सम्पूर्ण रुपले प्रदर्शन गर्न सकिने क्षेत्र**

● प्रान्तका उत्पादनहरु, प्रान्तका कृषि उत्पादनहरु, पर्यटन गन्तव्यहरु आदि प्रान्तका सबल पक्षहरुको अधिकतम उपयोग गर्न सकिने देशहरु वा क्षेत्रहरुमा केन्द्रित भएर, यो रणनीतिको विकास अवधिमा विश्व विस्तार तथा विदेशी पर्यटकहरुलाई आकर्षित गर्ने उपायहरु सम्पूर्ण रुपमा विस्तार गर्ने क्षेत्रहरु प्राथमिक क्षेत्र बनाउने ।

● प्रत्येक देश र क्षेत्रहरुको अवस्थाका आधारमा, निम्नानुसार कमाउने, खोल्ने, अन्वेषण जस्ता तीन चरणहरुमा वर्गीकरण गरेर काम गर्नेछौं ।

【विस्तृतमा अर्को पृष्ठ पछि】

➤ कमाउने चरण: सहज चिकित्सा निरीक्षण, स्थापित वाणिज्य वितरण आदिको कारणले तुरुन्तै कमाउन सकिने चरण

➤ खोल्ने चरण: चिकित्सा निरीक्षणको सहजता आदिको कारण अब आशावादी भएर, ५ वर्ष अगाडिको नतिजा हेर्ने चरण

➤ अन्वेषण चरण: सम्भावना छ तर कठिन चिकित्सा निरीक्षण, कमजोर विकास पूर्वाधार आदिको कारणले १० वर्ष अगाडि हेर्ने चरण

**पँर्वी एशिया :** भौगोलिक रुपमा जापानको नजिक रहेको यो लामो समय देखि आर्थिक, मानविय र सांस्कृतिक आदानप्रदानका साथ नजिकको सम्बन्ध रहेको छ ।

**दक्षिणप”र्व एशिया :** भविष्यमा पनि जनसंख्या वृद्धि हँने आर्थिक गतिविधि बढि सक्रिय भई उच्च आर्थिक वृद्धि ह’न अपेक्षा गरिएको छ ।

**अमेरिका :** विशाल बजार र विश्वको एक प्रभावशाली शक्ति राष्ट्र हो, जसबाट उच्च मुल्याकंन प्राप्त गर्नाले ब्रान्ड क्षमताको शक्तिलाई सुदृढ गर्दछ ।

अध्याय ३ कार्यदिशा

# धारा १ भविष्य निर्धारण गर्ने आर्थिक विकासको लागि

## विश्वव्यापी विस्तारको प्रबर्धन

■ प्रान्तका उत्पादनहरु

➤प्रशिक्षणदेखि बजार विकासम्म लगातार सहगोगको विस्तार

【कार्यदिशा】

अबको ५ वर्ष, राष्ट्रिय आर्पूति श्रृंखला सुधारमा प्रयोग भएको सहयोग, समृद्ध प्रकृतिको उपयोग गरेर इतिहासबाट प्राप्त भइ हस्तान्तरण हुँदै आएको प्रविधि जुन प्रान्तका कम्पनीहरुको शक्ति हो- विश्वसनिय उत्पादन प्रविधिमा आधारित प्रान्तिय उत्पादनको मूल्य अभिवृद्धि कर बढाउँदै कम्पनीहरुको कार्यचरण अनुसार सहयोग विस्तार गर्नेछौं ।

【मुख्य कार्यहरु】

- निर्यातमा रुचि भएका कम्पनीहरुको कार्य अवस्था, आवश्यकता सर्वेक्षण उपयोग गरिएको उत्खनन र निर्यातको आधारभूत ज्ञान देखि व्यावहारिक व्यापार सम्झौतासम्म निरन्तर सहयोग

जापानमा भएका दुतावासहरु र विदेशमा भएका कुटनीतिक नियोगहरुमा प्रचार गरी ब्रान्ड क्षमतामा सुधार आदि ।

【लक्षित राष्ट्रहरु, क्षेत्र र कार्यगत चरणहरु】

◯ प्रान्तका उत्पादनहरुको बजार विकास गन्तव्यहरु

कमाउने: हंगकंग, सिंगापुर, थाईल्याण्ड, अमेरिका

खोल्ने:भयतनाम, मलेशिया, अष्ट्रेलिया

अन्वेषण:चीन, ताइवान, फिलिपिन्स, कम्बोडिया, म्यानमार

◯ प्रान्तका कम्पनि आदिका गन्तव्यहरु (सारांश विश्लेषण)

कमाउने:चीन, थाईल्याण्ड, इन्डोनेसिया

खोल्ने:भियतनाम

अन्वेषण:कम्बोडिया, म्यानमार

■ प्रान्तका कृषि उत्पादनहरु

➤ वैदेशिक मागको विस्तार तथा निर्यात उत्पादन क्षेत्रहरु बढाएर निर्यात प्रबर्धन

【कार्यदिशा】

अबको ५ वर्ष, निरन्तर रुपमा उत्पादक (उत्पादन क्षेत्र), उत्पादक समूह, वितरक, सरकारी निकाय आदि एक भएर विदेशमा प्रान्तिय कृषि उत्पादनको थप माग विस्तारका साथ, निर्यातमा काम गर्ने उत्पादन क्षेत्रको विकासलाई प्रबर्धन गरी आपूर्ति क्षमतालाई सुदृढ गर्दै लैजानेछौं ।

यसका अतिरिक्त, साझेदार देश तथा क्षेत्रको आवश्यकताहरुको विश्लेषण पछि प्रत्येक सामानको निर्यात उपायहरुमा कार्य गर्दै मागका आधारमा निर्यातलाई प्रबर्धन गर्नेछौं ।

【मुख्य कार्यहरु】

- निर्यात प्राथमिकताका वस्तुहरुमा गाईको मासु, चामल, नासपाती, स्ट्रबेरी, फूल
- खरीदकर्तासँगको विश्वासको सम्बन्ध, उपभोक्ताहरुको जागरुकता स्तरको उपयोग गरी प्रचार
- उत्पादकहरुको सचेतना, परीक्षण निर्यात, वास्तविक निर्यात आदि, चरणहरुमा आधारित कार्यहरुमा सहयोग आदि ।

【लक्षित राष्ट्रहरु, क्षेत्र र कार्यगत चरणहरु】

कमाउनेः हंगकंग, इन्डोनेसिया, सिंगापुर, फिलिपिन्स, मलेशिया, अमेरिका, यूरोपिय संघ, संयुक्त अरब इमिरेटऱ्स

खोल्नेः थाईल्याण्ड, कम्बोडिया, भियतनाम

अन्वेषणः चीन, ताइवान, कोरिया

■ प्रान्तका कृषि उत्पादनहरु

➤ वैदेशिक मागको विस्तार तथा निर्यात उत्पादन क्षेत्रहरु बढाएर निर्यात प्रबर्धन

【कार्यदिशा】

अबको ५ वर्ष, निरन्तर रुपमा उत्पादक (उत्पादन क्षेत्र), उत्पादक समूह, वितरक, सरकारी निकाय आदि एक भएर विदेशमा प्रान्तिय कृषि उत्पादनको थप माग विस्तारका साथ, निर्यातमा काम गर्ने उत्पादन क्षेत्रको विकासलाई प्रबर्धन गरी आपूर्ति क्षमतालाई सुदृढ गर्दै लैजानेछौं ।

यसका अतिरिक्त, साझेदार देश तथा क्षेत्रको आवश्यकताहरुको विश्लेषण पछि प्रत्येक सामानको निर्यात उपायहरुमा कार्य गर्दै मागका आधारमा निर्यातलाई प्रबर्धन गर्नेछौं ।

【मुख्य कार्यहरु】

- निर्यात प्राथमिकताका वस्तुहरुमा गाईको मासु, चामल, नासपाती, स्ट्रबेरी, फूल
- खरीदकर्तासँगको विश्वासको सम्बन्ध, उपभोक्ताहरुको जागरुकता स्तरको उपयोग गरी प्रचार
- उत्पादकहरुको सचेतना, परीक्षण निर्यात, वास्तविक निर्यात आदि, चरणहरुमा आधारित कार्यहरुमा सहयोग आदि ।

【लक्षित राष्ट्रहरु, क्षेत्र र कार्यगत चरणहरु】

कमाउनेः हंगकंग, इन्डोनेसिया, सिंगापुर, फिलिपिन्स, मलेशिया, अमेरिका, यूरोपिय संघ, संयुक्त अरब इमिरेटऱ्स

खोल्नेः थाईल्याण्ड, कम्बोडिया, भियतनाम

अन्वेषणः चीन, ताइवान, कोरिया

## उपलब्धि सूचक

●अन्तर्राष्ट्रिय लेनदेन (आयात वा निर्यात) गर्ने प्रान्त भित्रका कम्पनीहरुको संख्या

(रेइवा १) २८२ कम्पनी → (रेइवा ७) ३२५ कम्पनी

●जापानी रक्सीको निर्यात परिमाण

(हेइसेइ ३०) १,०७१ किलो लिटर → (रेइवा ६) वर्तमान भन्दा बढि । नोटः नयाँ कोरोना भाइरसको संक्रमण स्थिति र प्रभावको आधारमा लक्षित संख्याको समिक्षा गरिनेछ ।

●कृषि उत्पादन निर्यात मूल्य

(रेइवा १) ३१करोड १०लाख येन→ (रेइवा ७) १ अर्ब येन

## विदेशी पर्यटकहरुको आकर्षणलाई प्रबर्धन

■ जापान भ्रमण गर्ने विदेशी पर्यटकहरु

➤ पर्यटन क्षेत्रको मागलाई पूर्वावस्थामा फर्काउन प्रभावकारी विज्ञापन र स्वीकृति प्रणालीको स्थापना

【कार्यदिशा】

अबको ५ वर्ष, हामी समृद्ध प्रकृति वा इतिहास, संस्कृति आदिको उपयोग गरी विदेशी पर्यटकहरुले आनन्द लिन सक्ने सागाग्रीहरुको सृजना वा डिजिटल उपकरणहरु सहित विविध संञ्चार माध्यमको पूर्ण उपयोग गरी प्रभावकारी रुपमा परिचय गराउँदै, नयाँ जीवनशैलीको व्यवस्थापन तथा विदेशी पर्यटकहरु ढुक्क भएर आनन्दपूर्वक रमाउन सक्ने वातावरण बनाउछौं ।

【मुख्य कार्यहरु】

- वैदेशिक आकर्षणको आधार र डिजिटल उपकरणको उपयोग गरिएको प्रभावकारी विज्ञापन
- मानव संसाधनको विस्तार तथा जानकारी प्रर्दशनको बहुभाषिकरण
- नयाँ जीवनशैलीको व्यवस्थापन गर्ने बाहिरी सामाग्रीको निमार्ण प्रबर्धन आदि ।

【लक्षित राष्ट्रहरु, क्षेत्र र कार्यगत चरणहरु】

कमाउनेः चीन, हंगकंग, ताइवान, थाईल्याण्ड

खोल्नेः भियतनाम, अमेरिका

अन्वेषणः अष्ट्रेलिया, युरोप

### उपलब्धि सूचक

● विदेशी पाहुनाहरुको संख्या (रेइवा १) २४७,००० जना → (रेइवा ७) वर्तमान भन्दा बढि । नोटः नयाँ कोरोना भाइरसको संक्रमण स्थिति र प्रभावको आधारमा लक्षित संख्याको समिक्षा गरिनेछ ।

## अन्तर्राष्ट्रिय समन्वय र सहयोगको प्रबर्धन （आर्थिक समन्वय）

■ अर्थव्यवस्था र उद्योग

➤ पारस्परिक आर्थिक विकासको लागि अन्तर्राष्ट्रिय समन्वय र सहयोगको प्रबर्धन

【कार्यदिशा】

अबको ५ वर्ष, नयाँ कोरोना भाइरस संक्रमण फैलिएपछिको अन्तर्राष्ट्रिय समुदायलाई अबलोकन गर्दै, यस प्रान्तको उद्योग, प्रविधि, इतिहास, संस्कृतिमा चासो राख्ने देशहरु र क्षेत्रहरुसँग पारस्परिक आर्थिक विकास गर्ने कार्यलाई प्रबर्धन गर्नेछौं ।

【मुख्य कार्यहरु】

- व्यापार मिसनको प्रेषण र स्वीकृति
- मैत्रीपूर्ण सम्बन्ध भएको पारस्परिक लाभदायक लगानी वातावरणको छलफल

समन्वय गन्तव्य कम्पनिहरुमा यस प्रान्तको लगानी वावावरणको जानकारी प्रदान गरी आकर्षित गर्ने आदि

【लक्षित राष्ट्रहरु, क्षेत्र र कार्यगत चरणहरु】

कमाउनेः चीन(झेजियांग प्रान्त), अमेरिका (इन्डियाना राज्य), ताइवान(काओसिंग शहर)

खोल्नेः भियतनाम

अन्वेषणः रुस(कालुगा राज्य), फिलिपिन्स, अष्ट्रेलिया

### उपलब्धि सूचक

● व्यापार अभियानको प्रेषण र स्वीकृति संख्या

(रेइवा १) ५ पटक → (रेइवा ७) वर्तमान भन्दा बढि । नोटः नयाँ कोरोना भाइरसको संक्रमण स्थिति र प्रभावको आधारमा लक्षित संख्याको समिक्षा गरिनेछ ।

## धारा २ समृद्ध र दिगो क्षेत्रको लागी

**बहुसाँस्कृतिक सह-अस्तित्वको प्रबर्धन**

■ बहुसाँस्कृतिक सह-अस्तित्व

➤ विदेशी बासिन्दाहरु क्षेत्रको वाहक भएको समाजको बोध

【कार्यदिशा】

अबको ५ वर्ष, यस प्रान्तमा बसोबास गर्ने विदेशीहरुले जीवनयापन र काम गर्न सहज वातावरणको निर्माण गर्न, क्षेत्रीय जापानी भाषा शिक्षा संवर्धन गर्दैविदेशीहरुलाई सहयोग गर्ने मानव संसाधनहरु मार्फत बहुसाँस्कृतिक सह-अस्तित्वको प्रवर्धन सँगै स्थानिय समुदायमा विदेशीहरुको सहभागितालाई प्रोत्साहन गर्ने ।

यस बाहेक, बहुभाषिक जानकारी प्रदान गर्ने कार्यलाई निरन्तरता दिँदै विदेशी मानव संसाधनहरुको सहज स्वीकृतिलाई प्रबर्धन गर्नेछौं ।

【मुख्य कार्यहरु】

- उद्योग-शिक्षा-सरकारी-निजी साझेदारीको माध्यमबाट क्षेत्रीय जापानी भाषा शिक्षाको वृद्धि
- उपभोक्ताको रुपमा विदेशीहरुलाई सहयोग पुऱ्याउने स्वयंसेवकहरुको प्रशिक्षण आदि ।

【लक्षित राष्ट्रहरु, क्षेत्र र कार्यगत चरणहरु】

विविध परामर्श र समाग्रीहरुको बहुभाषिकरण सम्बन्धमा धेरै विदेशी बासिन्दाहरु भएको राष्ट्र र क्षेत्रलाई प्राथमिकताको बनाइ वविध परामर्श र समाग्रीहरुको बहुभाषिकरणलाई बढावा दिनेछौं तर बहुसाँस्कृतिक सह-अस्तित्वको प्रबर्धनमा राष्ट्रियता, जातीयतालाई नहेरी कार्य गरिने छ ।

### उपलब्धि सूचक

● प्रान्तमा बसोबास गर्ने बिदेशीहरुको सहयोग गर्ने मानव संसाधनको दर्ता संख्या

(रेइवा १) ३५५ जना ⟶ (रेइवा ७) ६०० जना

● तोचिगी विदेशी मानव संसाधन उपयोग प्रबर्धन परिषदका सदस्यहरुको संख्या

(रेइवा १) १५० जना → (रेइवा ७) ३३० जना

**अन्तर्राष्ट्रिय समन्वय र सहयोगको प्रवर्धन (मैत्री समन्वय)**

■ मित्रता र सहयोग

➤ भावि पुस्तासम्मको अन्तर्राष्ट्रिय समन्वय र सहयोगको बोध

【कार्यदिशा】

अबको ५ वर्ष, पारम्परिक मानिसहरुको आवागमन र समन्वयका अतिरिक्त, डिजिटल उपयोग गरिएको नयाँ समन्वयका फाइदाहरुलाई मिलाएर बढी प्रभावशाली समन्वय व्यापारको विस्तार गर्नेछौं ।

मैत्रीपूर्ण समन्वय र अन्तर्राष्ट्रिय सहयोगको मूलको रुपमा रहेको पारस्परिक समझदारी, अन्तराष्ट्रिय शान्तिका अतिरिक्त ＳＤＧｓ जस्ता विश्व दृष्टिकोणलाई पोषण गर्दै अन्तर्राष्ट्रियकरणका वाहकलाई प्रशिक्षण दिन, टोकियो ओलम्पिक र प्यारालम्पिकको विरासत उपयोग र अन्तर्राष्ट्रिय समझदारी कोर्सको नयाँ आयोजकस्थानको खोजी गर्ने प्रयास गर्दै, जापान प्रवासी सहयोग स्वयंसेवकहरुको सहभागितामा जोड दिनेछौं ।

【मुख्य कार्यहरु】

- डिजिटल उपकरणहरुको प्रयोग गरेर सांस्कृतिक र शैक्षिक समन्वयको प्रवर्धन
- प्रान्तका नागरिकहरुले समन्वय गन्तव्यको नजिक महसुस गरी गतिविधिहरुमा भाग लिन सक्ने कार्यको प्रवर्धन आदि ।

【लक्षित राष्ट्रहरु, क्षेत्र र कार्यगत चरणहरु】

हालका समन्वय गन्तव्यहरु : चीन(झेजियांग प्रान्त), अमेरिका (इन्डियाना राज्य), फ्रान्स (भोकलुज प्रान्त), ताइवान(काओसिंग शहर)
नयाँ समन्वय गन्तव्य: रुस(कालुगा राज्य), हंगेरी आदि ।

उपलब्धि सूचक

● विदेशमा गएर अध्ययन वा अनलाइन मार्फत विदेशमा अन्तरक्रिया वा अध्ययन आदि गराउने उच्च विद्यालयको प्रतिशत
(रेइवा १) ३३.९ ％ → (रेइवा ७) ६५.० ％

● अन्तर्राष्ट्रिय ज्ञानसंग सम्बन्धि आयोजित कार्यक्रमहरुको संख्या
(रेइवा १) ७८ पटक → (रेइवा ७) १२५ पटक

## अध्याय ४ ＳＤＧｓ को स्थिति

### ○ＳＤＧｓ(दिगो विकास लक्ष्यहरु भन्नाले)

सेप्टेम्बर २०१५ को संयुक्त राष्ट्रसंघको शिखर सम्मेलनमा अपनाइएको (दिगो विकासको लागि २०३० एजेन्डा) मा लेखिए अनुसार २०३० साल सम्ममा दिगो र उत्तम विश्वको उदेश्य अन्तर्राष्ट्रिय लक्ष्य हो ।

### ○यस रणनीतिमा ＳＤＧｓ को स्थिति

अध्याय ३ को खण्ड १ मा, उदेश्य १, २, ४, ८, १०, १७ र खण्ड २ मा भने, उदेश्य १, ३, ४, ८, १०, ११, १६, १७ संग सम्बन्धित उदेश्यहरुलाई मिलाएर लक्ष्यहरुको प्राप्तिमा योगदान पुऱ्याउने उपायहरुको प्रवर्धन गर्दछौं ।